नगर कार्यपालिकाको
बैठक संख्या १५/२०७९-०८४
मिति २०७९/१०/११ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्या: १५/२०७९-०८४

मिति २०७९ साल माघ ११ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिकाकाको बाह्रौं नगरसभाको मिति २०७९/१०/१३ गते बस्ने बैठकको कार्यसूचीलाई अन्तिम रुप दिने ।

निर्णय नं. ३

कोहलपुर नगरपालिकाको कर्मचारी संगठन संरचना (O&M) र दरबन्दी तेरिजका सम्बन्धमा छलफल भयो । उक्त प्रस्तावमा प्राप्त राय सुझाव समेटी संशोधन सहित चालु नगर सभामा थप छलफल एवं निर्णयार्थ पेश गर्ने ।

निर्णय नं. ४

यस नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधी, २०७९ को तर्जुमा सम्बन्धमा छलफल भयो । प्राप्त राय सुझावहरुलाई समेटी आनुसंङ्गिक त्रुटिहरु सच्याई उक्त जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधी, २०७९ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने ।

निर्णय नं. ५

यस नगरपालिकाको चालु आ.व. २०७९/०८० को विभिन्न योजना तथा कार्यक्रमहरुको मिति २०७९/१०/०५ र ६ गते गरिएको समीक्षा बैठकमा पेश भई एकीकृत गरिएको पुष मसान्तसम्मका योजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन माथी छलफल भयो । उक्त प्रतिवेदन नगरसभामा पेश गर्ने एवं वेबसाईटमा अपलोड गर्ने ।

निर्णय नं. ६

यस नगरपालिकाको गत आ.ब. २०७८/०७९ मा सम्झौता भई २०७९ असारमा म्याद समाप्त भई एकपटक म्याद थप भई कार्यान्वयनमा रहेका केही योजनाहरुको २०७९ पुष मसान्तमा म्याद सकिएकाले सो योजनाहरुको २०७९ माघ १५ गतेसम्म म्याद थप गर्ने । तत् पश्चात समेत कार्य सम्पन्न हुन नसेकमा हर्जाना / जरिवाना लगायतका कारबाही प्रक्रिया अघि बढाउने ।

निर्णय नं. ७

चालु आ.ब. २०७९/०८० को बजेट, योजना तथा कार्यक्रमहरुको संलग्न अनुसूची १ बमोजिम प्रस्तावित संशोधन बाह्रौं नगर सभाको दोस्रो बैठकमा स्वीकृतिको लागि पेश गर्ने ।

०७९/१०/१६
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या १५।२०७९-०८०
मिति २०७९।१०।११ को
निर्णय प्रमाणित

**निर्णय नं. ८**

कोहलपुर नगरपालिका क्षेत्र भित्र रहेका अभिलेखिकरण हुन बाँकी घरहरुको विवरण सम्बन्धित वडा कार्यालय मार्फत संकलन भईरहेकाले सबै वडाहरुको विवरण संकलन भई विस्तृत विवरण प्राप्त भए पश्चात अन्तिम पटकका लागि घरनक्सा अभिलेखिकरणका लागी निर्णयार्थ नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ९**

कोहलपुर नगरपालिका क्षेत्रभित्रका संस्थागत विद्यालयहरुलाई सामाजिक उत्तरदायित्व वहन अन्तर्गत गरिब एवं जेहेन्दार बिद्यार्थीलाई निश्चित प्रतिशत छात्रबृत्ति उपलब्ध गराउने शर्तमा व्यवसाय कर छुट हुने व्यवस्था गरिएको सो को प्रभावकारी कार्यन्वयन भएको नदेखिएकाले वडा शिक्षा समितिले निर्णय गरे बमोजिमका छात्रछात्रालाई छात्रबृत्ति प्रदान गरेको प्रमाण प्राप्त भए मात्र व्यवसाय कर छुट गर्ने । सो प्राप्त नभएमा आ.ब. २०७८/०७९ को स्वीकृत दररेट बमोजिमको शुल्क लिई व्यवसाय दर्ता/ नविकरण गर्ने ।

**निर्णय नं. १०**

यस नगरपालिकाको गत आ.ब. २०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन(LISA) को कागजातहरु जिल्ला समन्वय समितिको कार्यालय बाँकेबाट पृष्ठपोषण भई आएको नतिजालाई कार्यपालिकामा छलफल भयो । प्राप्त नतिजालाई कार्यपालिकाले स्वीकृत गरी सभामा छलफल र अनुमोदनका लागी पेश गर्ने ।

**निर्णय नं. ११**

कोहलपुर नगरपालिका भित्र तपसिल बमोजिमका स्थानमा झोलुङ्गे पुल आवश्यक रहेकोमा लखना झोलुङे पुल, कोहलपुर नगरपालिका वडा नं. ७ बाँके र गौवरिया नाला स्टिल ट्रस, कोहलपुर १५, बाँकेको डिपिआर स्वीकृत गरी थप बजेट माग गर्ने र बाँकी तपसिल बमोजिमका स्थानमा यस नगरपालिकाको लागत साझेदारीमा निर्माण हुने गरी बजेट व्यवस्थापन गरी झोलङ्गे पुल निर्माणका लागि स्थानीय पुर्वाधार विभागमा योजना समावेश गरिदिनु हुन अनुरोध गर्ने ।

क. झर्कट्टी कोहलपुर ८
ख. रामजानकी - क्रिकेट मैदान
ग. उषा हरियाली समाधिस्थल
घ. वडा नं. ५ दैलेखीटोल
ङ. १२ र १३ नं. वडा जोड्ने
च. वडा नं. १० र १३ जोड्ने डुडुवा नाला (बन्दा) र सिमरी जोड्ने पुल

**निर्णय नं. १२**

क) कार्यालयबाट हुने सेवा प्रवाहलाई छिटो छरितो एवं प्रभावकारी बनाउन मेशिनरी सामाग्री खरिद लगायत स्रोत साधन व्यवस्थापनका लागि आवश्यक सहयोग माग भएकोमा चालु आ.ब. २०७९/०८० को नीति,

०७९।१०।१२
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ..१४/२०७९-०८०
मिति २०७९.१०/११..को
निर्णय प्रमाणित

बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट खर्च हुने गरी तपसिल वमोजिम रकम उपलब्ध गराउने

- भूमिसुधार तथा मालपोत कार्यालय, बाँके नेपालगञ्जलाई रु.२,५०,०००।-
- नापी कार्यालय, बाँकेलाई रु.२,५०,०००।-

ख) सडक मानव व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको र बिगतमा समेत आर्थिक सहायता उपलब्ध गराउँदै आएकोमा चालु आ.व. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७० सि.नं. ५६ को सडक मानव सेवा गर्ने संस्थालाई सहयोग कार्यक्रम शीर्षकबाट खर्च हुने गरी निलसागर सेवा आश्रम, कोहलपुर बाँकेलाई रु.५,००,०००।– र पेज नं. ७१ सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट खर्च हुने गरी मानव सेवा आश्रम, नेपालगंजलाई रु.१,५०,०००।– उपलब्ध गराउने उपलब्ध गराउने ।

निर्णय नं. १३

सिक्टा सिचाई आयोजनाले नहर निर्माण गर्दा अधिग्रहण गर्ने जग्गाको मुआब्जा सम्बन्धमा आयोजना प्रारम्भ हुँदाको बखतको समयमा वितरित दररेट र हालको मुआब्जा दररेट एउटै उपलब्ध गराउने भनी जानकारी आएको हुँदा हालको प्रचलित मूल्य एवं बजार मूल्य बिचार गरी मुआब्जा पुनरावलोकनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

निर्णय नं. १४

बिल्ड अन नेपाल तथा कोहलपुर नगरपालिकाको लागत साझेदारीमा तपसिल बमोजिमका विद्यालयहरुमा २ कोठे शौचालय र ३ कोठे पक्की भवन सहितको संरचना निर्माणको लागि नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने ७/७ लाख रुपैंया म्याचिङ्ग फण्टबाट बजेट विनियोजन गर्ने र सम्झौता प्रकृया अगाडी बढाउने।

क) श्री नेपाल आधारभुत विद्यालय कोहलपुर १० का लागी रु.७ लाख
ख) श्री सिर्जना बाल प्राथमिक विद्यालय कोहलपुर १४ का लागि रु.७ लाख

निर्णय नं. १५

यस नगरपालिकाको भूमी सम्बन्धी अधिकार सम्पन्न समितिको मिति २०७९/१०/०४ गतेको निर्णय बमोजिम पेश भएको प्रस्ताव स्वीकृत गरी नगर सभामा पेश गर्ने ।

निर्णय नं. १६

चालु आ.ब. २०७९/०८० को विभिन्न वडा एवं शाखाहरुको कार्यपालिकाको विभिन्न बैठकहरुबाट निर्णय भए वमोजिमका योजना तथा कार्यक्रम संशोधन नगर सभामा अनुमोदनका लागि पेश गर्ने ।

निर्णय नं. १७

यस नगरपालिकाको सिकलसेल एनिमिया समन्वय समितिको मिति २०७९/१०/०४ को निर्णय अनुमोदन गर्ने र सोही वमोजिम वजेट खर्च समेत गर्ने गरी कार्य अघि बढाउने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ९५/२०७९-०८०
मिति २०७९/१०/११ को
निर्णय प्रमाणित

निर्णय नं. १८

नेपाल सरकार स्वास्थ्य बिमा कार्यक्रमका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत भई संचालनमा रहेको यस नगरपालिकाको १५ बेडको आधारभुत अस्पताललाई सेवा प्रदायक स्वास्थ्य संस्थाको सूचिमा सूचिकृत गरिदिनका लागि नेपाल सरकार स्वास्थ्य बिमा बोर्डमा अनुरोध गर्ने।

निर्णय नं. १९

कोहलपुर नगरपालिका वडा नं. १५ बस्ने लौटन थारुलाई औषधी उपचारका लागि रु.१५,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

निर्णय नं. २०

यस आ.ब. २०७९/०८० को वडा सिलिङ्मा विनियोजित वडा सिलिङ तर्फ तपसिल बमोजिम वडा समितिबाट निर्णय भै आएको योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने ।

| वडा नं. ५ (वडा समितिबाट मिति २०७९/०९/२९ र २०७९/१०/०९ मा निर्णय भएको) | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | वडा नं. ५ को विविध कार्यक्रम खर्च रु.३,००,०००।- मध्येबाट | विविध खर्च तथा भैपरी आउने योजना | २,९१,००० | सि.नं. १४२ |
| २ | मर्मत सम्भार तथा विविध खर्च रु.९,६०,०००।- | - ह्युमपाइप खरिद<br>- आमा समुहहरुमा परिवार नियोजन सम्बन्धी अन्तरक्रिया कार्यक्रम<br>- ५ नं. वडाका विभिन्न टोल बस्तिहरुका सडकमा ह्युमपाइप तथा ग्राभेल<br>- सिद्धार्थनगर बबिता केसीको घरदेखि धनराज बरालको घरसम्म सडकमा ह्युमपाइप तथा ग्राभेल<br>- पृथ्वीनगर दिनेश चौधरीको घरदेखि लल्कु थारुको घरसम्म सडकमा ह्युमपाइप तथा ग्राभेल<br>- कोहलपुर गोल्डकपलाई आर्थिक सहयोग | २,००,०००<br>६०,०००<br>३,००,०००<br>२,००,०००<br>१,५०,०००<br>५०,००० | सि.नं.१५५ |
| वडा नं. ३ (वडा समितिबाट मिति २०७९/०९/२६ मा निर्णय भएको) | | | | |
| ३ | रझेना खानेपानी पुर्वाधार निर्माण | फुलबारी टोल सडक कालोपत्रे | ५,००,००० | सि.नं.१३२ |
| ४ | अधुरो नाली निर्माण १३,००,००० मध्ये | - महेन्द्र हाइवेदेखि उत्तर रिता जैसीको घर तर्फको सडक नाली | ८,००,००० | सि.नं.१३५ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ..२२।२०७९-०८०..
मिति २०७९।११।१२ को
निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | | निर्माण<br>- काली बहादुर के.सी.को घर उत्तर प्रगतिनगर बाटो ग्राभेल<br>- अधुरो नाली निर्माण | <br>१,००,०००<br><br>४,००,००० | |
| वडा नं. १३ (वडा समितिबाट मिति २०७९/१०/०३ मा निर्णय भएको) | | | | |
| ५ | लक्षित वर्ग कार्यक्रम बिपन्न बालबालिकाका लागि शैक्षिक सामाग्री बितरण, योजना अनुगमन, अपाङ्ग सामाग्री वितरण, घुम्ति सवास्थ्य सेवा, महिला र किशोरीका लागि कार्यक्रम सूचना तथा प्रकासन र स्वास्थ्य सम्बन्धी कार्यक्रम | - अपाङ्गता भएका व्यक्तिहरुको लागी सशक्तिकरण तालिम कार्यक्रम<br>- किशोरीको लागी सशक्तिकरण तालिम कार्यक्रम<br>- राष्ट्रिय परिचयपत्र वितरणमा आवश्यक खाना, खाजा नास्ता र अन्य कर्मचारी व्यवस्थापन खर्च<br>- योजना अनुगमन तथा अन्य व्यवस्थापन खर्च | १,५०,०००<br><br>१,००,०००<br><br>१,००,०००<br><br><br>७०,००० | सि.नं.२२९ |
| ६ | विविध तथा भैपरी खर्च, वडा कार्यालय काडे तार बार | - घुम्ति स्वास्थ्य सेवा तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम<br>- विविध तथा भैपरी खर्च | २,५०,०००<br><br>२,००,००० | सि.नं.२४० |

०८०।१०।१२
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत